जि.प्र.का. सप्तरी द.नं. २९/०४८/०४९

स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष २९ अंक २१३ २०७७ साल असार २ गते मंगलबार (16 June 2020 Tuesday) मूल्य रु. ५/-

**Log on : *rajbirajdainik.com.np***

**२०७५ साल भदौ १ गते लागू भएको देवानी संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- विवाह गर्नको लागि पुरुष र महिलाको उमेर बीस वर्ष पूरा भएको हुनु पर्ने,
- दर्ता विवाह (Court Marriage) जिल्ला अदालतबाट हुने,
- एकासगोलका पति पत्नीले आफ्नो सम्पत्ति, आम्दानी तथा हैसियत अनुरुप आपसी सहमतिको आधारमा घर व्यवहार चलाउनु पर्ने,
- छोरा छोरीले आमा बाबुको आज्ञा, आदेशको पालना गर्नु पर्ने,
- छोरा छोरी उपरको कर्तव्य र जिम्मेवारी आमा बाबुको बराबरी हुने,
- अंशवण्डा गर्दा गर्भको शिशुलाई समेत अंश छुट्याउनु पर्ने,
- स्याहार गर्नेले अपुताली पाउने।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : कालापानी सधैं चुनावी ... ३ पृष्ठमा : 'आयोगको सिफारिस ... ३ पृष्ठमा : अर्का अश्वेत व्यक्तिको ...

# सबैला घटनाप्रति सप्तरीमा मुसहर समुदायको प्रदर्शन



**दैनिक समाचारदाता**
**राजविराज, १ असार ।**

धनुषाको सबैलामा अनुसन्धानका लागि प्रहरी नियन्त्रणमा रहेका शम्भु सदाको प्रहरीले हत्या गरेको दाबी गर्दै सोमबार सप्तरी सदरमुकाम राजविराजमा प्रदर्शन गरिएको छ। नेपाल राष्ट्रिय मुसहर संघ सप्तरीको अगुवाईमा मुसहर समुदाय घटनाको सत्यतथ्य छानबिन र दोषिमाथी कारवाहीको माँग गर्दै प्रदर्शन गरेका हुन्।

धनुषाको सबैला नगरपालिकास्थित इलाका प्रहरी कार्यालयमा अनुसन्धानका क्रममा गत जेठ १४ गते नियन्त्रणमा लिइएका शम्भु सदा जेठ २८ गते हिरासत कक्षकै शौचालयभित्र झुण्डिएको अवस्थामा फेला परेका थिए।

यता प्रहरीले सदाले आत्महत्या गरेको दाबी गरिरहँदा मृतकका आफन्त तथा स्थानीयले भने सदाको हत्या नै भएको दाबी गर्दै आएका छन्। दोषिमाथी कारवाहीको माँग गर्दै प्रदर्शनकारीहरु बजार क्षेत्र परिक्रमा गरेका थिए।

प्रहरी हिरासतमा मान्छे मार्न पाइदैन्, प्रहरी दमन बन्द गर, शम्भु सदालाई न्याय दे, सबैला इलाका प्रहरी कार्यालयका प्रहरीलाई कारवाही गरलगायतका नारा लेखीएका प्ले कार्डसहित बजार क्षेत्र परिक्रमा पश्चात् स्थानिय शिव मन्दिरको प्राङ्गणमा पुगि बिरोधसभामा परिणत भएको थियो।

सभालाई नेपाल राष्ट्रिय मुसहर संघका जिल्ला संयोजक राजेश्वर सदा, केन्द्रिय सदस्य गंगा सदा, सलिता सदाय, बद्री सदायलगायतले सम्बोधन गर्दै घटनाको सत्यतथ्य छानबिन गरि दोषीमाथी कारवाही नगरिए आन्दोलन चर्काउने चेतवानी दिएका थिए।

# सात वर्षपछि बहुविवाहका प्रतिवादी पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, १ असार ।**

अदालतबाट कैद सजाय तोकी फरार रहेका बहुविवाह मुद्दाका एक प्रतिवादीलाई सात वर्षपछि प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेमा सप्तरीको बोदेबसाईन नगरपालिका ९ बस्ने २७ वर्षिय विश्वनाथ साह छन्। प्रहरीका अनुसार २०७० साल माघ १२ गते सप्तरी जिल्ला अदालतबाट बहुविवाह मुद्दामा कैद सजाय तोकिएका साह कैद सजाय भुक्तान नगरि फरार भएका थिए।

उनी घरमै लुकी बसेको गोप्य सूचनाको आधारमा इलाका प्रहरी कार्यालय कडोरबोनाबाट खटिएको प्रहरी टोलीले पक्राउ गरेको जिलला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

आइतबार पक्राउ परेका साहलाई सोमबार सप्तरी जिल्ला

*बाँकी अन्तिम पृष्ठमा*

**नेपालको संविधान तथा फौजदारी अपराध (संहिता) ऐन लगायत विद्यमान कानुनहरुले व्यक्ति, समुदाय, राज्य, लिंग, जाति, भाषा, धर्म, क्षेत्रको भावनामा आघात पुऱ्याउने गरी कुनै पनि प्रकारको भाषा, साहित्य, लेख, रचना, गीत, चलचित्र, भिडियो निर्माण, प्रकाशन तथा प्रशारण गर्नुलाई फौजदारी कसुर ठहर्ने हुँदा जान अन्जानमा त्यस्ता कसुर नगरौं/नगराऔं।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

**नोवेल कोरोना भाइरस (COVID-19) सामान्य रुघाखोकी भन्दा जटिल सङ्क्रमण हो, हालसम्म यसको उपचारको लागि औषधी पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो।**

**यसबाट बच्ने उत्तम उपायहरु:**

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले र पछि साबुन पानीले राम्रोसँग हात धुने,
- अनावश्यकरुपमा घर बाहिर र भिडभाडमा नजाने,
- खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने,
- कुनै पनि व्यक्तिसँग तीन फिटको दुरी कायम गर्ने,
- जंगली तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने,
- सकेसम्म पशुजन्य मासु नखाने,
- ज्वरो, रुघा र खोकी तथा स्वासप्रस्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने,
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु जम्माखोरी, कालोबजारी तथा लुकाइराखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने,

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# सप्तरीमा कोरोना संक्रमितको संख्या १ सय ५०, निको हुने ३८

**दैनिक समाचारदाता**
**राजविराज, १ असार ।**

सप्तरीमा कोरोनाबाट संक्रमितको संख्या १ सय ५० पुगेको छ। सोमबार २ जनामा कोरोनाको संक्रमण भेटिएपछि संख्या १ सय ५० पुगेको हो।

पछिल्लो पटक सोमबार जिल्लाको तिलाठी कोइलाडी गाउँपालिका वडा नं. २ र राजविराज नगरपालिका वडा नं. १ गरि दुई जनामा कोरोना संक्रमण भेटिएको जिल्ला स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ।

यता आइतबार १८ जना कोरोनाबाट निको भएर घर फर्किएको स्वास्थ्य कार्यालय सप्तरीका प्रमुख दुनियालाल यादवले जानकारी दिएका छन्। यो सँगै सप्तरीमा कोरोनाबाट निको हुनेको संख्या ३८ पुगेको छ।

यता बाँकी रहेका १ सय १२ जना कोरोना संक्रमित मध्ये १ सय ११ को राजविराजस्थित साईकृष्णा अस्पतालको आइसोलेशन केन्द्रमा उपचार भइरहेको तथा एक जना स्वास्थ्यकर्मी आफ्नै घरमा क्वारेन्टाइनमा रहेको उनले बताए।

यता सोमबार साँझसम्म नेपालमा कोरोना संक्रमितको संख्या ६ हजार २ सय ११ पुगेको छ भने निको हुनेको संख्या १ हजार ४१ रहेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ।

# दुर्घटनामा महिलाको ज्यान गयो

**दैनिक समाचारदाता**
**राजविराज, १ असार ।**

सप्तरीको खडक नगरपालिका ७ कल्याणपुर चौकमा मोटरसाइकलको ठक्करबाट आइतबार राती एक महिलाको ज्यान गएको छ।

बाटो काट्दै गर्दा तिब्र गतिमा पूर्वबाट पश्चिमतर्फ जाँदै गरेको स६प ७८४३ नम्बरको मोटरसाइकलले ठक्कर दिँदा सोही नगरपालिका निवासी ३२ वर्षिया सजदा खातुनको मृत्यु भएको हो।

चालक र मोटरसाइकललाई नियन्त्रणमा लिई आवश्यक कारवाही प्रक्रिया अघि बढाइएको प्रहरीले जनाएको छ।

**नोभल कोरोना भाईरस (COVID-19) रोगको संक्रमणबाट बच्न अत्यावश्यक काम बाहेक सीमावर्ती क्षेत्रमा आवतजावत नगर्नु हुन सम्पूर्ण नेपाली नागरिकहरुलाई सूचित गरिन्छ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

**देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस्।**

हाम्रो सेवाहरु →

ipay remit | WESTERN UNION MONEY TRANSFER | Prabhu Money Transfer | IME International Money Express | himal remit हिमालरेमिट | CG Money | Best Remit | City Express | IME pay | MoneyGram money transfer

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

## सम्पादकीय

# जटिल परिस्थितिमा शिक्षा तर्फ ध्यान पुगोस्

कोरोना भाइरसको त्रासका कारण विगत तीन महिनादेखी सम्पूर्ण क्षेत्र अस्तव्यस्त रहेको बेला सरकारी स्तरबाट जनताका लागि कुनै पनि राहतको प्याकेज नआउनु अत्यन्त दुःखदायी रहेको छ । विगतको तीन महिनाको अवधीमा नेपाललगायत विश्वको सम्पूर्ण क्षेत्र अस्तव्यस्त बनेको छ । यस्तो परिस्थितिमा नेपाल सरकारले जनताको हितका लागि कुनै पनि प्याकेज ल्याउन सकेको छैन् । मुलुकमा बेरोजगारी समस्या रहदै आएको बेला कोभिड १९ का कारण झनै बेरोजगारी समस्या उत्पन्न भएको छ ।

एकातिर बेराजगारी समस्या छदै छ भने अर्को तर्फ शैक्षिक क्षेत्र झनै कमजोर भएको छ । बालबालिकाहरु तीन महिनासम्म विद्यालयमा पढ्न पाएका छैनन् भने अन्तिम परिक्षा दिनबाट समेत बञ्चित भएका छन् । नयाँ शैक्षिक सत्र सुरु भएको तेश्रो महिना लागेको छ । तर, पठनपाठन हुने कुनै टुङ्गो लाग्न सकेको छैन् । यसरी बालबालिकाहरु घरमा पढ्न मान्दैनन् भने सिकेका कुराहरु समेत बिर्सन थालेका छन् । हुन त सरकारले ई–क्लासको व्यवस्था मिलाउन सरोकारवाला निकायसँग आग्रह गरेको छ । तर, नेपाल जस्तो गरिब मुलुकमा ई–क्लास लिनेको संख्या अत्यन्त न्युन छ । हुने खानेलाई त समस्या हुँदैन् । गरिब परिवारका बालबालिकाहरु कसरी ई–क्लास लिन सक्छन् ! कीन भने ई–क्लासका लागि कम्प्युटर र इन्टरनेटको आवश्यकता पर्दछ ।

ग्रामिण भेगका बालबालिकाका लागि यो एउटा सपना जस्तै भएको छ । उनीहरुलाई दुई छाक टार्न धौ धौं हुन्छ भने विद्यालयको मासिक शुल्क तिर्न त्यतीकै समस्या हुने गरेको छ । यस्तो बेलामा कसरी उनीहरु शिक्षामा पहुँच पुऱ्याउन सक्छन् त ! तसर्थ यस्ता जटिल समस्या प्रति सरकार आजैदेखी गम्भिर भएर विकल्प खोज्न लाग्नु पर्दछ । होईन भने बेरोजगारीका साथ साथै शैक्षिक समस्या समेतले मुलुकमा ठूलो विकरालको रुप लिन सक्ने कुरामा दुई मत नहोला ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१–५२१९६८

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती

Dr. Dinesh Upreti

MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141

कन्सलटेन्ट फिजिसियन

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह

Dr. Parasmani Shah

MBBS (BPKIHS), MD (BPKIHS, Dharan)

NMC Reg. No. : 13297

दुखाई विशेषज्ञ

Anaesthesiology & Critical Care Medicine

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569


# कालापानी सधैं चुनावी एजेन्डा नबनोस्



सन्तोष मेहता

लिपुलेक, लिम्पियाधुरा अथवा कालापानी लगायतका भूभागमा भारतको उपस्थिति छ । सन् १८१६ मा भएको सुगौली सन्धिको अनुच्छेद ३ बमोजिम काली नदीको पूर्व पट्टिका सम्पूर्ण भूभाग नेपालले आफ्नो दाबी गरेको छ, त्यसअनुसार आफ्नो नक्सा जारी गरेको छ । यो एकदमै कुटनीतिक विषय हो । नेपाल र भारतबीच संसारमै विरलै मित्रता भएको पाइन्छ । यी दुई देशबीचको विवाद हो । अहिले नेपालमा भारतप्रति विद्वेष फैलाउने कार्यहरू भइरहेको छ । भारतले अहिले नै ती भूभागहरू कब्जा गरेको भन्ने वास्तविकता त होइन । भारतले बनाएको सडकको सन्दर्भमा पनि भारतका तत्कालीन प्रधानमन्त्री मनमोहन सिंह हुँदाखेरि सन् २००८ सालमै सडक बनिसक्नुपर्ने निर्णय गरेको थियो । सडक निर्माण भएदेखि नै ती ठाउँहरू भारतको अधिपत्यमा रहेका छन् । आजभन्दा ६०–७० वर्ष पहिला १७ ठाउँमा भारतीय सेना थिए, बाँकी १६ वटा ठाउँबाट हटाइयो तर कालापानीबाट हटाइएन अथवा हट्नुपर्छ भन्ने पत्राचारसम्म गरिएन । सुशील कोइराला प्रधानमन्त्री हुँदाखेरि आधिकारिक रूपमा ती भूभाग हाम्रो हो भनेर भनिएको थियो । त्योभन्दा कहिल्यै पनि नेपालले आधिकारिकरूपमा त्यो भूमिमा आफ्नो दाबी पनि गरिएको स्थिति थिएन । समग्रमा भन्नुपर्दा त्यो भूमि नेपालको हो भने यदि हामीसँग सबै प्रमाणहरू छ भने हामी भारतसँग टेबुल टक गर्न सक्छौं । भारत त्यस्तो देश पनि होइन, जसलाई हामीले सबै प्रमाणहरू पेस गऱ्यौं भने फिर्ता गर्दैन । हामी प्रमाणहरू पेस गर्छौं, हाम्रो पक्षमा यदि प्रमाणहरू रहन्छ भने हाम्रो भूमि फिर्ता हुन्छ । संसारभरि भूमिका समस्याहरू विभिन्न तरिकाले समाधान हुने गरेका छन् । यदि त्यो भूमि भारतलाई आवश्यक हो भने वैकल्पिक उपायहरू पनि हुनसक्छन् । त्यो पछिको कुरा हो । सबभन्दा पहिला भारतसँग कुटनीतिक रूपमा कुराकानी गरेर यो समस्याको समाधान निकाल्नुपर्छ ।

सुधारिएको नक्सा भन्नका लागि भारत र सारा दुनियाँले यसलाई स्वीकार गऱ्यो भने हाम्रो निम्ति त्यो नक्सा सुधारिएकै हुन्छ । जबसम्म कुनै पनि सम्पतिको स्वामीको अतोपतो हुँदेन तबसम्म त्यो सम्पत्तिमा जसको कब्जा हुन्छ, उसैको सम्पत्ति कहलिन्छ । जब उसको वास्तविक स्वामी भेट्छ, तब त्यो सम्पत्ति उसको हुन्छ । त्यसकारणले त्यो भूमिको अहिलेसम्म वास्तविक स्वामी भेटिएको थिएन । हामीसँग विभिन्न प्रमाणहरू छन्, ती प्रमाणहरूको आधारमा त्यो भूमिको स्वामी हौं । त्यो भूमिमा जसको कब्जा छ उसँग कुरा गरेर प्रमाणहरू देखाएर अनि मात्रै त्यो नक्सा वास्तविक हुन्छ । नक्सा जारी गरेर उम्लिरहेको दुधमा पानी छर्कने काम मात्रै सरकारले गरेको छ । कम्युनिष्ट पार्टीका निम्ति कालापानी सधैं चुनाव जित्ने मुद्दा रह्यो । अब नक्सा सार्वजनिक गरेर प्रधानमन्त्री केपी शर्मा ओलीले आफ्नो कुर्सी जोगाउने काम मात्रै गर्नुभएको छ । यदि वास्तविकरूपमै ती भूभाग नेपालको भूगोलभित्र पर्छ भने वार्ता गरी निष्कर्ष निकाल्नुपर्छ । भारत सरकारका प्रवक्ताले यो विषयमा सम्वाद गर्न भारत तयार रहेको बताएका छन् । सम्वादमा नेपालले आफ्ना कुराहरू दरोसँग राख्न सकियो भने समस्याको समाधान हुन्छ । भारतलाई विस्तारवादी अथवा भारतले नेपालको सिमाना मिचेको भनेर नेपालमा जसरी भारत विरोधी मानसिकता बनाएको छ, वास्तवमा नेपाल सरकारले पनि यो कुरालाई स्पष्ट पार्नुपर्छ । सबै ठाउँको सिमानाको समस्या समाधान भएको छ, कालापानी र सुस्ताबाहेक । छिमेकी राष्ट्रहरूसँगै सिमाना विवाद हुने गर्छ र त्यसको समाधान पनि हुन्छ । भारतले नै स्वीकार गरेको छ कि दुई ठाउँमा सीमा विवाद छ । तर, चीनले जुन सिमानाहरू मिचेको छ त्यस विषयमा चीनले कुरा गर्नेसम्म भनेको पनि छैन । त्यसकारणले भारतले यति उदारता देखाएको भन्ने कुरालाई सकारात्मकरूपमा लिनुपर्छ ।

जुन भूभागमा दाबी गरिएको छ त्यो भूभाग कुनै अमूक पार्टीको राजनीतिक नाराको रूपमा मात्रै प्रयोग हुँदै आएको छ । तर, नेपाल सरकारले वास्तविकरूपमा यो भूभाग हाम्रो हो भन्ने हिसावले कहिल्यै पनि कुरा गरेन वा आफ्नो ठानेन । कतिपय राजनीतिक दलले आफ्नो राजनीतिक खपतका लागि बनाइराख्ने विषय हो । कुनै बेला यसलाई सत्ताको भऱ्याङ बनाउने कुनै बेला सत्ता टिकाउने चाबी बनाउने काम मात्र अहिलेसम्म गरिरहेको छ । त्यसकारणले हामी चाहन्छौं यस समस्याको समाधान होस् । नेपाल, भारत र चीन तीनै देश बसेर यो समस्याको समाधान होस् भन्ने हाम्रो चाहना हो ।

नक्सा सार्वजनिक गरेको कुरालाई लिएर भारत र नेपालबीचको मित्रवत् सम्बन्ध, कुटनीतिक सम्बन्ध र अन्य प्रकारका सम्बन्धहरूमा कुनै पनि दरार नहोस् । नेपालले आफ्नो तरिकाले नक्सा सार्वजनिक गऱ्यो र यही कारणले गर्दा मित्रताको सम्बन्धमा कुनै दरार आयो भने नेपालले भारतसँग कुरा गर्नुपर्छ । यसलाई सधैंभरिका लागि राजनीतिक नाराको विषय अब बनाउनु हुँदैन । आफूसँग भएका सम्पूर्ण प्रमाणहरू र भारतले पनि आफ्ना प्रमाणहरू राख्ला । त्यो प्रमाणको आधारमा यो मुद्दालाई सधैंका निम्ति समाधान गर्नुपर्छ । भारतको विदेश मन्त्रालयका प्रवक्ता अनुराग श्रीवास्तवले भर्खरै भन्नुभयो कि सम्वाद गर्न हामी तयार छौं । यस विषयमा नेपालले आजसम्म तदारूकता देखाएकै छैन । यो समस्या आएको ६०–७० वर्ष भयो । अहिले भारत पनि वार्ता गर्न सकारात्मक रहेको बेला नेपालले यसको उपयोग गर्दै वार्ता प्रक्रिया अगाडि बढाउनुपर्छ । अहिले वैश्विक महामारी कोरोनाको संकट छ । यसबाट पार पाउने बित्तिकै नेपालले तदारूकताका साथ वार्ता गरोस् ।

सबभन्दा पहिला त ती भूमि कसको हो भन्ने प्रष्ट हुनुपर्छ । हामी नेपाली हौं, त्यसकारणले नाराका लागि त्यो भूमि हाम्रै हो भन्न सकौला । जब दुई देशबीच वार्ताको कुरा हुन्छ त्यतिखेर त्यो भूमि कस्को हो भन्ने कुराको निर्क्योल हुनुपऱ्यो । लिम्पियाधुरादेखि पूर्वपट्टिका सम्पूर्ण भूमि यदि नेपालको ठहरिन्छ भने त्यसपछि हामी कुनै निष्कर्षमा पुग्न सक्छौं । त्यो भूमि यदि नेपालकै ठहऱ्यो भने भारतलाई सामरिक सुरक्षाको महत्व राख्छ भने भारत मित्रराष्ट्र भएको हुनाले भूमिको सट्टापट्टा पनि हुनसक्छ । यसको प्रत्यक्ष उदाहरणका लागि हामीले भारत र बंगलादेशबीच भएको सीमा सम्झौतालाई हेर्न सक्छौं । तर पहिला त त्यो विवादित भूमि कसको भन्ने स्पष्ट हुनुपर्छ । किनभने भर्खरै भारतका विदेश मन्त्रालयका प्रवक्ता अनुराग श्रीवास्तवले हामी वार्ता गर्न त तयार छौं तर त्यो भूमि हाम्रै हो भन्ने दाबी गर्नुभएको छ । त्यस्तै भारतीय सेना प्रमुखको पनि वक्तव्य आएको छ । त्यसकारणले त्यो भूमिमा भारतको पनि दाबी छ । भारतको दाबी हुनुको पछाडि भारतसँग पनि केही प्रमाणहरू छ कि । त्यो भूमिमा हामीले पनि सुगौली सन्धिलाई आधार बनाएर दाबी गरेका छौं । त्यसकारणले यी दुवै दाबीको बीचमा कसको दाबी ठिक भन्ने कुराको निष्कर्ष त दुवै पक्ष नबसीकन हुँदैन । *(कुराकानीको आधारमा) (मधेश दर्पण फिचर सेवा)*

# कालापानीमा सशस्त्रको नियमित गस्ती, पञ्चेश्वर र हिल्सामा बिओपी स्थापना हुँदै

काठमाडौँ, १ असार (रासस) ।

सीमा सुरक्षामा सक्रियता अपनाउँदै सशस्त्र प्रहरी बलले कालापानी क्षेत्रमा नियमित गस्ती गरिरहेको छ ।

नेपाल, भारत र चीनको त्रिदेशीय नाकासँग जोडिएको सामरिक महत्वको सो क्षेत्रमा राज्यको उपस्थिति बढाउने क्रममा नियमित पैदल गस्ती हुन थालेको हो । दार्चुलाको व्यास गाउँपालिका–१ स्थित छाङ्रु (गागा) सीमा निगरानी चौकी (बिओपी) सञ्चालनमा ल्याइएपछि त्यहाँबाट खटिएका सुरक्षाकर्मीले कालापानीको सेतो पुलसम्म पुगेर नियमित गस्ती गर्न थालेका हुन् । छाङ्रुबाट कालापानी १४ किलोमिटरको दूरीमा पर्छ ।

दार्चुला सदरमुकाम खलङ्गाबाट छाङ्रु करीब ८० किमी र छाङरुबाट गुञ्जी दोभान १० किमीको दूरीमा पर्छ । गुञ्जीबाट लिपुलेक १७ किमी टाढा छ । कालापनीबाट लिम्पुयाधुरा पुग्न सडक बाटो नभएकाले हिँडेर जान १० घन्टासम्म लाग्छ । सरकारले भारतीय अतिक्रमणमा परेको कालापनी, लिपुलेक र लिम्पियाधुरासमेतको भूमिलाई समेटेर नयाँ राजनीतिक नक्शा जारी गरिसकेको छ । सो नक्शालाई समेटेर बनाइएको निसान छापलाई प्रतिनिधिसभाको गत जेठ ३१ गतेको बैठकले नेपालको संविधानको अनुसूचीमा संशोधनको विधेयकलाई सर्वसम्मतरुपमा पारित गरेको छ ।

सो क्षेत्रमा भारतीय सुरक्षा फौज बसिरहेको तथा लिपुलेक र लिम्पुयाधुरा क्षेत्रमा यातायात सहज नभएकाले सरकारले क्रमशः राज्यको उपस्थिति बढाउन थालेको हो । नेपाल र भारतबीचको सुगौली सन्धि बमोजिम कालीनदीदेखि पूर्वतर्फ नेपाल हो ।

सशस्त्र प्रहरी बलका महानिरीक्षक शैलेन्द्र खनालले राससससँगको विशेष कुराकानीमा छाङ्रुमा बिओपी सञ्चालनमा आएपछि त्यहाँका जनता खुशी भएको, उनीहरुले सुरक्षित महसुश गरेको र दार्चुला सदरमुकाम बस्दै आएका मानिसहरु गाउँ फर्कन थालेको बताउनुभयो । उहाँले भन्नुभयो, "सीमालाई सुरक्षित र व्यवस्थित बनाउनेतर्फ हामी अग्रसर भएका छौँ । बिओपीहरुको विस्तारले सीमामा हामीलाई बढीभन्दा बढी उपस्थिति गराउन मद्धत पुग्नेछ ।"

भारतले महाकाली नदी किनार किनारै सडक बनाएर गुञ्जीबाट कालापानी, हुँदै लिपुभञ्जाङसम्म पुऱ्याएपछि नेपालले कूटनीतिक नोटमार्फत गम्भीर असहमति जनाइसकेको छ । चीनको मानसरोवर जोड्न भारतले नेपाल भूमि हुँदै सडक बनाएको थियो ।

बजेट विनियोजनपछि छाङ्रुमा सशस्त्र प्रहरी बल नेपालले भवन निर्माण प्रक्रिया शुरु गरिसकेको छ । सरकारले भावन निर्माणका लागि रु ११ करोड बजेट छुट्याइसकेको छ । गत वैशाख ३१ गते नेपाली सेनाको हेलिकोप्टरमार्फत यहाँ २५ सशस्त्र प्रहरी पुऱ्याएर बिओपी स्थापना

बाँकी अन्तिम पृष्ठमा

# 'आयोगको सिफारिस कार्यान्वयन नहुनु आश्चर्यजनक'

काठमाडौँ, १ असार (रासस)।

प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेसले सार्वजनिक खर्च पुनरावलोकन आयोगको सिफारिसलाई कार्यान्वयन नगरी आगामी आर्थिक वर्षको बजेट ल्याएको भन्दै सरकारको आलोचना गरेको छ। राष्ट्रियसभाको सोमबारको बैठकमा काँग्रेसका सांसद जीतेन्द्रनाराण देवले 'विनियोजन विधेयक, २०७७ अन्तर्गत अर्थ, भौतिक पूर्वाधार तथा यातायात र शहरी विकास मन्त्रालय शीर्षकको खर्च रकमलाई घटाइयोस्' भन्ने प्रस्ताव पेश गर्दै नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को सरकारद्वारा गठित आयोगले गरेका सिफारिस कार्यान्वयन नहुनु आश्चर्यजनक भएको बताउनुभयो।

सरकारले अर्थशास्त्री डा डिल्लीराज खनालको संयोजकत्वमा सार्वजनिक खर्च पुनरवलोकन आयोग गठन गरेको थियो। आयोगले २०० बढी आयोग, बोर्ड तथा विकास समितिमध्ये १२३ लाई खारेज गरी केहीलाई एकीकृत गर्न सुझाव दिएको थियो। सांसद देवले भन्नुभयो, "आफैले गठन गरेको आयोगको सिफारिसलाईसमेत कार्यान्वयन नगरी बजेट ल्याइयो।"

सोही दलका सांसद प्रकाश पन्थले 'विनियोजन विधेयक, २०७७' अन्तर्गत कानून, न्याय तथा संसदीय मामिला, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय शीर्षकको खर्च रकमलाई घटाई एक रुपैयाँ गरियोस्' भन्ने खर्च कटौतीको प्रस्ताव राख्दै कानून मन्त्रालयलाई थप सवलीकरण गरिनुपर्नेमा जोड दिनुभयो। सूचना प्रविधिको प्रयोगलाई ब्यापक बनाउँदै सूचना प्रविधिलाई शिक्षा, कृषि तथा राष्ट्रिय सुरक्षासँग जोडिनुपर्ने उल्लेख गर्दै उहाँले नेपाल टेलिभिजन र रेडियो नेपाललाई सार्वजनिक प्रसारण संस्थाका रुपमा विकास गर्न माग गर्नुभयो। काँग्रेसका सांसद तारादेवी भट्टले 'विनियोजन विधेयक, २०७७ अन्तर्गत महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय शीर्षकको खर्च रकममा एक सय रुपैयाँ घटाइयोस्' भन्ने खर्च कटौतीको प्रस्ताव प्रस्तुत गर्दै महिला, किशोरी, महिला तथा बालबालिकालाई सशक्त बनाउने सूचक बजेटमा समेटिन नसकेको गनुासो गर्नुभयो। महिला सशक्तीकरणमा बजेट किन विनियोजन नगरिएको भनी प्रश्न गर्दै उहाँले महिला हिंसा, मानव बेचविखन, यौन शोषण अन्त्य गर्न मन्त्रालयले गरिरहेको कामका बारेमा बजेटमा उल्लेख नगरिएको बताउनुभयो।

काँग्रेसकै सांसद अनिता देवकोटाले 'विनियोजन विधेयक, २०७७ अन्तर्गत भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण, श्रम, रोजगार तथा सामाजिक सुरक्षा तथा सामाजिक सुरक्षा र खानेपानी मन्त्रालय शीर्षकको खर्च रकममा एक सय रुपैयाँ घटाइयोस्' भन्ने खर्च कटौती प्रस्ताव पेश गर्दै प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयनको नाममा राज्यकोषको दुरुपयोग हुन सक्नेतर्फ सरकारको ध्यानाकर्षण गराउनुभयो। सबै श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आवद्ध

*बाँकी अन्तिम पृष्ठमा*




## विश्व समाचार

### अर्का अश्वेत व्यक्तिको हत्यापछि अमेरिकामा आन्दोलन

वासिङ्टन, १ असार (रासस-एएफपी)।

एटलान्टामा एक गोरा प्रहरीले एक अश्वेत व्यक्तिलाई गोली हानी हत्या गरेको भन्दै अमेरिकी शहरहरुमा पुनः हिंसा फैलिएको छ। मिनियापोलिसमा प्रहरी नियन्त्रणमा जर्ज फ्लोएड नामका अश्वेत व्यक्तिको हत्या भएपछि अमेरिकाभर जातीय विषयमा तात्तातो बहस चलिरहेका बेला एटलान्टामा अर्का अश्वेत व्यक्तिको हत्याले धेरैलाई क्रुद्ध बनाएको छ। एटलान्टाका २७ वर्षीय रेसार्ड ब्रुक्सको हत्या नै भएको स्वास्थ्य परीक्षणबाट खुलेपछि अमेरिकी शहरहरुका सडकमा प्रदर्शन हुनुका साथै स्थानीय प्रहरी प्रमुखले राजीनामा गर्नु परेको छ। क्रुद्ध प्रदर्शनकारीले ब्रुक्सको हत्या भएको स्थान नजिकको वेन्डी रेस्टुराँमा आगो लगाइदिएका छन्। ब्रुक्सले यही रेस्टुराँमा जाने बाटोमा कार तेर्स्याएर मानिसको आवतजावतमा अबरोध गरेको भन्दै प्रहरीले उनीमाथि गोली चलाएको थियो। एटलान्टाका मेयर केशा लान्स बटम्सले शनिबार पत्रकार सम्मेलन गरी प्रहरी प्रमुख एरिका शिल्ड्सले राजीनामा दिइसकेको घोषणा गर्नु भएको थियो। मेयर बटम्सले प्रहरीले शक्तिको दुरुपयोग गरेको भन्दै क्षमा माग्नु भएको थियो। ब्रुक्समाथि गोली चलाउने प्रहरी अधिकृत ग्यारेट रोल्फलाई सेवाबाट बर्खास्त गरिएको छ। फुल्टोन काउन्टीका न्यायाधीवक्ता पल होवार्डले दोषी प्रहरी अधिकृत रोल्फमाथि फौजदारी अभियोग लगाउने वा नलगाउने भन्ने बारेमा चाँडै निर्णय हुने जानकारी दिनुभयो। गत शुक्रबारको यो घटना हुँदा ब्रुक्स आफ्नो कारमा सुतिरहेका थिए। वेन्डी रेस्टुराँमा आवतजावत गर्ने मार्गमा अवरोध गरेको भन्दै उक्त रेस्टुराँले प्रहरीलाई खबर गरेको थियो। तत्काल उक्त स्थानमा पुगेको प्रहरी र कारभित्र सुतिरहेका ब्रुक्सबीच भनाभन हुनुका साथै हातपात भएको प्रत्यक्षदर्शीले बताएका छन्। भिडियो फुटेजमा दुई जना श्वेत प्रहरीले ब्रुक्सलाई नियन्त्रणमा लिन निकै प्रयास गरेको देखिएको छ। यहीबीच प्रहरीकै हतियार खोसेका ब्रुक्समाथि प्रहरीले आत्मरक्षाका लागि गोली चलाएको प्रारम्भिक अनुसन्धानमा देखिएको छ। तर प्रहरीबाट खोसिएको हतियार घातक नरहेको र त्यसबाट मानिसको मृत्यु नहुने अनुसन्धान अधिकारीहरुले बताएका छन्। प्रहरीसामु अन्य थुप्रै विकल्पहरु हुँदाहुँदै प्रहरीले गोली चलाएको आरोप प्रहरीमाथि लागेको छ।

### कोरोनाबाट विश्वमा ४ लाख ३५ हजार भन्दा बढीको मृत्यु

जेनेभा स्वीट्जरल्याण्ड, १ असार (रासस/एएफपी)।

कोरोना भाइरस (कोभिड १९) बाट विश्वभर मृत्यु हुने व्यक्तिको संख्या ४ लाख ३५ हजार ६८१ पुगेको छ। साथै यस संक्रमणबाट विश्वभर ७९ लाख ९७ हजार ६०९ जना संक्रमित भएका विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) द्धारा आफ्नो दैनिक प्रेस विज्ञप्तिमा जानकारी दिइएको छ। नेपाली समयानुसार सोमबारसम्म प्राप्त समाचारअनुसार कोरोना भाइरसका कारण बिरामी भएका ४१ लाख २९ हजार ३०९ जना निको भएका छन्। हाल विश्वभरमा कोरोना भाइरस संक्रमित ३४ लाख ३२ हजार ६१९ व्यक्ति उपचाररत रहेका छन्। संक्रमितहरुमा ५४ हजार ४६० जनाको अवस्था गम्भीर रहेको जनाइएको छ। चीनको हुबे प्रान्तको वुहान शहरबाट गत वर्षको डिसेम्बरको अन्त्यबाट शुरु भएको कोरोना भाइरस संक्रमणको कारण अमेरिका सबैभन्दा बढी प्रभावित भएको छ। डब्लुएचओकाअनुसार संयुक्त राज्य अमेरिकामा मात्र २१ लाख ६२ हजार २२८ जनामा कोरोना भाइरसका संक्रमित रहेका छन्। यस प्रकोपका कारण अमेरिकामा १ लाख १७ हजार ८५८ व्यक्तिको मृत्यु भइसकेको बताइएको छ। दक्षिण अमेरिकामा १४ लाख २६ हजार ३८७ जना कोरोना भाइरस संक्रमति रहेका छन्। यहाँ ६० हजार ४८४ जनाको मृत्यु भएको छ। उत्तर अमेरिकामा २४ लाख ८६ हजार ४८३ जना कोरोना भाइरस संक्रमति रहेका छन्। यहाँ १ लाख ४५ हजार ७७२ जनाको मृत्यु भएको छ। युरोपमा २२ लाख ६ हजार ५११ जना कोरोना भाइरस संक्रमित रहेका छन् भने १ लाख ८२ हजार ८८१ को मृत्यु भएको छ। एसियामा १६ लाख २२ हजार ७९९ जनामा कोरोना भाइरस संक्रमण रहेको छ भने, ४० हजार ३५१ जनाको मृत्यु भएको छ। अफ्रिकामा २ लाख ४५ हजार ७६२ जनामा कोरोना भाइरस संक्रमण रहेको छ भने ६ हजार ५५४ जनाको मृत्यु भएको छ। ओसियानामा ८ हजार ९४६ जनामा कोरोना भाइरस संक्रमण रहेको छ भने १२४ जनाको मृत्यु भएको छ।

### भारतमा एकै दिनमा ११ हजार ५ सय भन्दा बढी संक्रमित

नयाँदिल्ली, १ असार (रासस/एएनआई)।

भारतमा एक दिनमा ११ हजार ५०२ जना कोरोना भाइरस संक्रमित भएका छन्। यद्यपी शनिबारको तुलनमा भारतमा संक्रमितको संख्यामा केही कमी आएको पाइएको छ। शनिबार एक दिनमा ११ हजार ९२९ जनामा कोरोनमा भाइरस संक्रमण देखिएको थियो भने आइतबार ११ हजार ५०० जनामा संक्रमण देखिएको बताइएको छ। केन्द्रिय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले सोमबार दिएको जानकारीअनुसार सोमबार बिहानसम्ममा एकैदिनमा ११ हजार ५०२ जना संक्रमित भएका छन्। त्यसैगरी पछिल्लो २४ घण्टामा कोरोनाभाइरसका कारण भारतमा ३२५ जनाको मृत्यु भएको मन्त्रालयले जानकारी दिएको छ। मन्त्रालयले सार्वजनिक गरेको तथ्याङ्क अनुसार भारतमा अहिलेसम्म कोरोनाभाइरसका कारण मृत्यु भएकाहरुको संख्या ९ हजार ५२० पुगेको छ। भारतमा कोरोनाभाइरसबाट संक्रमितहरुको कुल संख्या अहिले ३ लाख ३२ हजार ४२४ पुगेको छ। कुल संक्रमित मध्ये १ लाख ५४ हजार १०६ जना अहिले पनि संक्रमित अवस्थामै रहेका छन् भने १ लाख ६९ हजार ७९८ जना संक्रमण मुक्त भएका छन्। भारतमा प्रदेश अनुसार हेर्ने हो भने सवैभन्दा धेरै महाराष्ट्र प्रदेशमा संक्रमित रहेका छन्। त्यस प्रदेशमा १ लाख ७ हजार ९५८ जना संक्रमित भएका छन्। महाराष्ट्रमा ५३ हजार ३० जना संक्रमित अवस्थामा नै रहेका छन् भने ५० हजार ९७८ जना उपचारपछि घर फर्किएका छन्। महाराष्ट्र कोरोना भाइरसको संक्रमणको कारण ३ हजार ९५० जनाको मृत्यु भएको छ। कोरोना भाइरस संक्रमणको कारण दोस्रो स्थानमा रहेको तमिलनाडु प्रदेशमा ४४ हजार ६६१ जना र तेस्रो धेरै संक्रमण रहेको दिल्ली प्रदेशमा ४१ हजार १८२ जना संक्रमित रहेका छन्।

# सिरहामा स्वाब सङ्कलन रोकियो

लहान, १ असार (रासस) ।

विगत दुई सातादेखि सिरहामा कोरोना परीक्षणका लागि स्वाबको नमूना सङ्कलन कार्य रोकिँदा सङ्क्रमण थप फैलिने जोखिम बढ्दै गएको छ । धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानसहित राजविराज, जनकपुर, विराटनगर, वीरगञ्ज र काठमाडौँका कुनै पनि प्रयोगशालाले स्वाब लिन नमानेपछि सिरहामा गत जेठ १९ गतेदेखि स्वाब सङ्कलन रोकिएको हो ।

"न धरानले लिन मानिरहेको न त विराटनगर, राजविराज, जनकपुर र टेकुले लिन मानेका छन्", जिल्ला स्वास्थ्य कार्यालय सिरहाका प्रमुख विष्णुदेव यादवले भन्नुभयो, "हामीले स्वाब सङ्कलन गरी परीक्षणका लागि खासमा जनकपुर र काठमाडौँ पठाउने हो तर जनकपुरले 'अहिले स्वाब नपठाउनू' भनेर पत्र नै पठाएको छ, टेकुले पनि स्वाब नपठाउनू भनेकाले रोकेका हौँ ।"

मुलुकको कुनै पनि प्रयोगशालाले परीक्षणका लागि स्वाबको नमूना लिन नमानेपछि जेठ १९ गतेयता जिल्लामा स्वाब सङ्कलन रोकिएको प्रमुख यादवको भनाइ छ । कोरोना भाइरस तीव्रगतिमा फैलिएको छिमेकी मुलुक भारतबाट दैनिक घर फर्किनेको सङ्ख्या बढ्दै गएको बेला परीक्षणका लागि स्वाब सङ्कलन नै रोकिएपछि कोरोना सङ्क्रमण थप फैलिने जोखिम बढेको प्रमुख यादवले बताउनुभयो ।

''हामीसँग अझै स्वाब सङ्कलन गर्ने किट छ तर न त प्रयोगशालाले स्वाबको नमूना लिन मानेका छन् न त माथिबाट सङ्कलन गर्न निर्देशन नै आएको छ", प्रमुख यादवले भन्नुभयो, "त्यसैले स्वाब सङ्कलन रोकेर आरडिटी मात्र जाँच गरेर घर पठाउनुपर्ने बाध्यतामा पुगेका छौँ ।"

पछिल्लोपटक सिरहाबाट गत जेठ १७, १८ र १९ गते सङ्कलन गरी पिसीआर परीक्षण गर्न ४२० को स्वाब पठाएकामा हालसम्म १५० को मात्र रिपोर्ट आएको छ । बाँकीको रिपोर्ट अझै आउन सकेको छैन । सिरहाका विभिन्न स्थानको क्वारेन्टिनमा बसेकाहरूको स्वाब सङ्कलन गरी परीक्षण गर्न पठाइएकाहरूको दुई सातासम्म पनि रिपोर्ट नआउँदा व्यवस्थापनमा समस्या भइरहेको जनप्रतिनिधिले गुनासो गरेका छन् ।

गत जेठ १७ गते स्वाब सङ्कलन गरी पिसीआर परीक्षण गर्न पठाएकामा हालसम परीक्षण रिपोर्ट नआउँदा क्वारेन्टिनमा बसेकालाई घर पठाउने वा क्वारेन्टिनमा नै राख्ने भन्ने अन्योल बढेको सिरहाको बरियारपट्टी गाउँपालिकाका अध्यक्ष सन्तोष मेहताले बताउनुभयो । "दैनिक क्वारेन्टिनमा आउनेको सङ्ख्या बढ्दै गएको छ", गाउँपालिका अध्यक्ष मेहताले भन्नुभयो, "तर स्वाब लिएकाहरूको समयमा रिर्पोट नआएपछि उहाँहरूलाई घर पठाउने कि क्वारेन्टिनमै राख्ने भन्नेमा हामी आफैँ अन्योलमा परेका छौँ ।"

भारतबाट दैनिक घर फर्किनेको लर्कोले जिल्लाका लगभग सबै क्वारेन्टिन भरिभराउ हुन लागेकाले अब आउनेलाई कहाँ व्यवस्थापन गर्ने भन्ने चुनौती बढेको सिरहाका प्रमुख जिल्ला अधिकारी सरोजप्रसाद गुरागाईँले बताउनुभयो । "हामीसँग दुई हजार शय्याको क्वारेन्टिन छ तर अहिलेसम्म करिब एक हजार ५०० भन्दा बढी व्यक्ति क्वारेन्टिनमा छन्", प्रजिअ गुरागाईँले भन्नुभयो, "दैनिक आउने क्रम बढ्दै गएकाले अबको केही दिनभित्रै ती सबै क्वारेन्टिन भरिन्छन् र त्यसपछि आउनेलाई कहाँ र कसरी व्यवस्थापन गर्ने भन्ने समस्या आउन सक्छ ।" त्यसैले अब आरडिटी जाँच गरेरै घर पठाउने गरी तयारी गरिरहेको प्रजिअ गुरागाईँले बताउनुभयो ।

हालसम्म सिरहामा एक हजार ८४९ जनाको स्वाब सङ्कलन गरी परीक्षणका लागि पठाइएकोमा ६४ जनाको पोजेटिभ र एक हजार ४४३ जनाको निगेटिभ गरी कूल एक हजार ५०७ जनाको मात्र परीक्षण रिर्पोट आएको छ भने ३४२ जनाको रिर्पोट अझै आउन बाँकी रहेको जिल्ला स्वास्थ्य कार्यालय सिरहाले जनाएको छ ।

आरडिटी किटबाट कूल एक हजार ७७७ जनाको परीक्षण गरिएकामा ६७ जनाको पोजेटिभ र एक हजार ७१० जनाको रिर्पोट निगेटिभ आएको जनाइएको छ । सिरहामा हालसम्म कोरोना भाइरस सङ्क्रमित ६४ मध्ये २० जना उपचारपश्चात निको भई घर फर्किसकेका छन् ।

# विभिन्न भौतिक संरचना भत्काउन धम्की आएको भन्दै जिप्रकामा निवेदन

**दैनिक समाचारदाता**
**राजविराज, १ असार ।**

अज्ञात तथा अनाधिकृत व्यक्तिहरुबाट राजविराज नगरपालिकास्थित विभिन्न स्थानको भौतिक संचरना, मठमन्दिरलगायतका संरचनाहरु जबरजस्ती भत्काउने धम्की दिइरहेको भन्दै राजविराज निवासी अरुण कुमार देवले सोमबार शान्ति सुरक्षा उपलब्ध गराउन माँग गर्दै जिल्ला प्रशासन कार्यालय सप्तरीमा निवेदन दिएका छन् ।

नेपाल सरकारले कोरोना भाइरस रोकथामका लागि लकडाउन गरेको बेलामा राजविराजस्थित सिरहा रोड, कंचनपुर रोड, कुनौली रोड, अदालत रोड छेउका सम्पूर्ण मठ मन्दिर, सरकारी कार्यालय एवं आवास, रंगशाला, पार्क, अतिथि गृह, अदालत, उद्योग कारखाना, व्यापारिक प्रतिष्ठान, आवासिय भवनका साथै सम्पूर्ण संरचना जबरजस्ती भत्काउने धम्की आएको भन्दै प्रशासन कार्यालयमा निवेदन दर्ता गराएका हुन् ।

सोही निवेदनमा राजविराज बजार क्षेत्रबाट हुलाकी सडक बिस्तारका लागि घर जग्गा अधिग्रहन गर्ने भन्दै सूचना जारि भएपछि ६४ जनाले सर्वोच्च अदालतमा दिएको उत्प्रेषन युक्त परमादेशको रिट निवेदन उपर उक्त सडक बिस्तार नर्गनु भनी २०७६ फागुन २३ गते अदालतले अन्तरिम आदेश दिएको र सो मुद्दा विचाराधिक अवस्थमा रहँदा समेत यस्ता धम्की आएको दुःखद भएको उल्लेख छ ।

## 'आयोगको सिफारिस ...

गरेर असल श्रम सम्बन्ध कायम हुने वातावरण सिर्जना गर्न उहाँले माग गर्नुभयो । रोजगारी गुमाएर विदेशबाट फर्केका युवालाई स्वदेशमै रोजगारीको अवसर सिर्जना गर्नेतर्फ सरकारको ध्यान नपुगेको भन्दै उहाँले उद्धारको खर्च व्यहोर्न नसक्ने श्रमिकलाई सरकार आफैँले खर्च व्यहोरेर उद्धार गर्न आग्रह गर्नुभयो । नेपाली काँग्रेसकै सांसद रमेशजङ्ग रायमाझीले 'विनियोजन विधेयक, २०७७ अन्तर्गत वन तथा वातावरण मन्त्रालय शीर्षकको खर्च रकमलाई घटाइ एक रुपैयाँ कायम गरियोस्' भन्ने खर्च कटौतीको प्रस्ताव प्रस्तुत गर्दै लाखौँ खर्च गरेर वृक्षरोपण गरिएका क्षेत्रमा कुनै बोटबिरुवा नपाइएकाले कागजमा मात्रै वृक्षरोपण गरेर वन संरक्षण नहुने बताउनुभयो । डढेलो नियन्त्रणका नाममा लाखौँ घोटला हुने तथा बजेट दुरुपयोग गर्न जानीजानी डढेलो लगाउने गरेको पाइएको भन्दै उहाँले डढेलो नियन्त्रणमा ध्यान दिन सरकारसँग आग्रह गर्नुभयो ।

## सात वर्षपछि ...

अदालतमा उपस्थित गराई आवश्यक कानुनी प्रक्रिया पुरा गरि कारागार चलान गरिएको प्रहरी नायब उपरिक्षक तिलक भारतीले जानकारी दिएका छन् ।




# कर तिर्ने सम्बन्धी सरकारले दर्ता गराएको पुनरावलोकन निवेदन सर्वोच्चद्वारा खारेज

**दैनिक समाचारदाता**
**काठमाडौं, १ असार ।**

लकडाउन खुलेको एक महिनासम्म कर तिर्ने व्यवस्था मिलाउनु भन्ने आदेशविरुद्ध सरकारले दर्ता गराएको पुनरावलोकन निवेदन सर्वोच्च अदालतले खारेज गरिदिएको छ । सर्वोच्चले उक्त पुनरावलोकन निवेदन खारेज भएपछि यसअघिको अन्तरिम आदेश नै निरन्तर कायम रहेको छ ।

सोमबार प्रधानन्यायाधीश चोलेन्द्रशम्शेर जबरा र न्यायाधीश प्रकाशकुमार ढुंगानाको संयुक्त इजलासले तत्काल कर नलिन सर्वोच्चले जारी गरेको अन्तरिम आदेश खारेजीको माग गर्दै महान्यायाधिवक्ता कार्यालयले दर्ता गराएको पुनरावलोकन निवेदन खारेज गरेको हो ।

गत जेठमा आन्तरिक राजस्व विभागले करदातालाई जेठ २५ गतेभित्र आफूले बुझाउनुपर्ने कर तिर्न सूचना जारी गरेको थियो । तर लकडाउनकै अवधिमा कर तिर्न ताकेता गरिएको भन्दै विरोध भएपछि यो अवधि सारेर असार १५ गतेसम्म पुऱ्याइएको छ ।

तर सरकारले कर तिर्न ताकेता गरेको विरुद्ध अधिवक्ता सिर्जना अधिकारी र अधिवक्ता थानेश्वर काफ्लेले सर्वोच्च अदालतमा अलग अलग रिट दायर गरेका थिए । दुईवटै रिटको सुनुवाई गर्दै जेठ २९ मा न्यायाधीश अनिलकुमार सिन्हा र डा. मनोजकुमार शर्माको इजलासले लकडाउन पूर्ण रुपमा खुलेको एक महिनाभित्र कर तिर्ने व्यवस्था मिलाउन अन्तरिम आदेश दिएको थियो ।

यो अन्तरिम आदेश खारेजीको माग गर्दै जेठ ३० गते महान्यायाधिवक्ताको कार्यालयले सर्वोच्चमा भ्याकेटको निवेदन (पुनरावलोकन निवेदन) दिएको थियो ।

## कालापानीमा ...

गरिएको थियो । गत मङ्सिर २३ गते सरकारले सीमा क्षेत्रमा थप ११४ निगरानी चौकी स्थापना गर्ने निर्णय गरेको थियो ।

विगतमा ५८ जिल्लामा मात्र रहेको सशस्त्र प्रहरी बलको उपस्थितिलाई हाल ७७ जिल्लामा विस्तार भइसकेको छ । विसं २०७४ को अन्त्यसम्म ८७ वटा रहेको बिओपीलाई २२१ सम्म विस्तार गर्ने योजनाअनुहार हाल १३० सञ्चालनमा ल्याइएको छ । उत्तरी सीमातर्फ संखुवासभाको किमाथांका, दार्चुला छाङ्रु, मुस्ताङ्गको नेचुङ्गमा नयाँ बिओपी स्थापना भएका हुन् । हुम्लाको नाम्खाको हिल्सा र बैतडीको पञ्चेश्वरमा चाँडै बिओपी उद्घाटन गरिने खनालले बताउनुभयो ।

सङ्घीय संसद्बाट पारित आगामी आर्थिक वर्षको नेपाल सरकारको नीति तथा कार्यक्रममा ७० ठाउँमा बिओपीका लागि भौतिक पूर्वाधार निर्माण गर्ने उल्लेख छ भने सोका लागि रु ७० करोड बजेट विनियोजन गरिएको छ ।

सीमा सुरक्षासहित विभिन्न १४ कार्यादेश पाएको सशस्त्र प्रहरीले साङ्गठनिक पुनःसंरचना गर्दै चालू आवमा २२१ बिओपी स्थापनाको लक्ष्य लिएको छ भने क्रमशः यसलाई विस्तार गरी दीर्घकालमा ५०० सम्म बनाउने योजना अघि सारेको छ । यसरी विस्तार गर्दा सीमा सुरक्षामा १९ हजारसम्म सुरक्षाकर्मी खटाउनुपर्ने देखिएको छ । यसका लागि करिब १० हजार जनशक्तिको दरबन्दी थप्न बलले नेपाल सरकारसँग आग्रह गरेको छ ।

सीमा क्षेत्रमा थप १ सय १४ वटा बिओपी निर्माण गर्न नेपाल सरकारबाट स्वीकृति प्राप्त भएकामध्ये २३ वटा स्थापना भइसकेको र अन्य स्थापनाको क्रममा रहेको बलले जनाएको छ ।


देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु → ipay remit, City Express Money Transfer, Best Remit, Prabhu Money Transfer, IME International Money Express, Himal Remit हिमालरेमिट, CG Money
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६



**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*